**" जनतामा निहित सार्वभौमसत्ता : हाम्रो आस्था ! हाम्रो प्रतिवद्धता!! "**
**नवौं अखिल नेपाल कानून व्यवसायी सम्मेलन**

# काठमाडौं घोषणा पत्र २०५९

प्रजातान्त्रिक मूल्य र मान्यतामा आधारित न्यायपूर्ण समाजको निर्माणमा समाजिक अभियन्ताको रुपमा निरन्तर क्रियाशिल कानून व्यवसायीहरुको एकमात्र संस्था नेपाल बार एशोसिएशनको निर्णायक भूमिका रहने भएकाले,

आफ्नो प्रारम्भीक कालदेखि नै नेपाल बार एशोसिएशनले बहुदलिय प्रजातन्त्र, मानवअधिकार र कानूनको शासनको प्रश्नमा निरन्तर प्रभावकारी भूमिका निर्वाह गर्ने क्रममा २०४५ सालमा सम्पन्न भएको चौथो राष्ट्रिय सम्मेलनले पञ्चायती निरंकुश व्यवस्थाको अन्त्य गरी बहुदलिय प्रजातन्त्र स्थापनाको माग गर्दै तदनुरुप ०४६ सालको जन आन्दोलनमा सक्रिय भई बहुदलिय व्यवस्था पुनर्स्थापना र वर्तमान संविधान निर्माणको क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको गौरवलाई स्मरण गर्दै ,

विगतको गौरवपूर्ण आन्दोलनको महत्वपूर्ण उपलब्धि माथि नै गम्भिर प्रहार भएको वर्तमान अवस्थामा नेपाल बार एशोसिएशनको यो नवौं राष्ट्रिय सम्मेलन देहायको प्रतिवद्धता र संकल्पका साथ यो “काठमाडौं घोषणापत्र २०५९” जारी गर्दछ ।

१. २०४६ सालको जनआन्दोलनबाट प्राप्त नेपाल अधिराज्यको संविधान २०४७ ले राज्य शक्तिको स्रोत नेपाली जनता भएको घोषणा गर्दै सार्वभौमसत्ता जनतामा निहित राखेको छ । यो संविधानले प्रत्याभूत गरेको बहुदलीय संसदीय प्रजातन्त्र, कानूनको शासन, आधारभूत मानव अधिकारको संरक्षण र स्वतन्त्र न्यायपालिका जस्ता उपलब्धीहरु माथि मिति २०५९ आस्वीन १८ गतेको असंवैधानिक शाही घोषणा र तत्पश्चातका काम कारवाहीले २०४६ सालको जनआन्दोलनको उपलब्धिहरु माथि गम्भीर आघात पुर्‍याएको यो सम्मेलन ठहर गर्छ । सार्वभौमसत्ता सम्पन्न जनतालाई कमजोर बनाउने यस्तो प्रयास प्रति यो सम्मेलन गम्भिर रुपमा असहमति व्यक्त गर्दै यस्ता काम कारवाही विरुद्ध ने.बा.ए. निरन्तर क्रियाशिल रहने संकल्प गर्दछ ।

२. जन प्रतिनिधि विहिन बर्तमान अवस्थामा अद्यादेश मार्फत भै रहेको राज्य संचालनको प्रयत्न संविधान विपरीत रहेको र ठहर गर्दै बर्तमान असंवैधानिक सरकारबाट संचालित शासन व्यवस्थाको यथाशिघ्र अन्त्य गर्नु पर्ने ठहर यो सम्मेलन गर्छ ।

३. हत्या, हिंसा, आतंक र मानव अधिकारको उलंघन एवं ज्यादतीको स्थितिबाट देशले स्थायी रुपमा मुक्ति पाउनु पर्छ भन्ने यो सम्मेलन महशुस गर्दछ । यसका लागि राज्य, ने.क.पा. माओवादी, जन आन्दोलन २०४६ मा संहभागी दलहरु र विघटित प्रतिनिधि सभामा रहेका राजनितिक दलहरु समेतको सहमती र सहभागीतामा वार्ता लगायतका राजनैतिक प्रक्रिया शुरु गरी युद्ध विरामको घोषणालाई सार्थकता प्रदान गर्दै वार्तालाई देश तथा जनताको हितमा पारदर्शिताको आधारमा परिणाममुखि बनाईनु पर्दछ । वार्ताको परिणामले जनतामा निहित सार्वभौमिकता, मानवाधिकार, स्वतन्त्र तथा सक्षम न्यायपालिका तथा कानूनको शासन लगायतका जन आन्दोलनका उपलब्धिहरुको रक्षा गर्दै देशलाई अग्रगमन तर्फ डोरयाउन राजनितिक निकास दिइनु पर्छ । यसो

गर्न सकेमा नै न्यायपूर्ण समाजको निर्माण गर्न सकिन्छ भन्ने आफ्नो अभिमत व्यक्त गर्दै नेपाल बार एशोसिएशन यस दिशामा निरन्तर क्रियाशिल रहने संकल्प यो सम्मेलन गर्दछ ।

४. अभिलेख अदालतको रुपमा स्थापित सम्मानित सर्वोच्च अदालत र अन्य अदालतहरुबाट भए गरिएका आदेशहरुको राज्य पक्षबाट ठाडो अवज्ञा गर्ने प्रवृतिको यो सम्मेलन गम्भीर विरोध गर्छ । स्वतन्त्र र सक्षम न्यायपालिका माथिको यस्तो प्रहारले कानूनी राज्यको अवधारणालाई कमजोर तुल्याउने यथार्थलाई हृदयंगम गर्दै यस्ता प्रवृत्तीहरुको विरुद्ध निरन्तर क्रियाशिल रहने प्रतिवद्धता यो सम्मेलन व्यक्त गर्दछ ।

५. संविधानको अन्तिम व्याख्याताको रुपमा रहेको सर्वोच्च अदालतले देश, जनता र प्रजातन्त्रको पक्षमा सार्वभौम जनतालाई सवल बनाउने गरी व्याख्या मार्फत संविधानको विकासमा प्रभावकारी र सकारात्मक योगदान पुर्‍याउनु पर्छ भनी यो सम्मेलन आफ्नो अभिमत व्यक्त गर्दछ ।

६. स्वच्छ र सक्षम न्याय प्रशासन अझैपनि नेपाली जनताको निरन्तर चाहनाको विषय भै रहेको तथ्य यो सम्मलेन पुनः स्मरण गर्दै न्याय प्रणालीमा रहेका विकृती र विसंगतीहरुको उन्मुलनको लागि ने.बा.ए. निरन्तर कृयाशिल रहने प्रण यो सम्मेलन गर्छ ।

७. विगतमा भएको मानव अधिकारको उलंघन र ज्यादतीको भत्सर्ना गर्दै त्यस्ता उलंघन र ज्यादतीका पिडित वा पिडितका परिवारलाई उपयुक्त उपचारको व्यवस्था हुनुपर्ने दृष्टीकोण यो सम्मेलन राख्छ । हाल युद्ध विरामको अवस्था भएपनि यसको रुपान्तरण स्थायि शान्तिको रुपमा नभएसम्म मानव अधिकारको संरक्षण, निष्पक्ष मानव अधिकारको पर्यवेक्षण र अनुगमन गर्नका लागि संयुक्त राष्ट्र संघ अन्तरतग उपयुक्त संयन्त्रको स्थापना नेपालमा गरिनु पर्ने कुरा महसुस गर्दै सो को लागि सबै सम्बद्ध निकायहरुले आवश्यक कदम चाल्नु पर्ने अभिमत ने.बा.ए. प्रकट गर्छ ।